का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ असोज २०८०,
शनिबार
30 September 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक २४७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# सरकारी डाक्टर १६ वर्षदेखि बिदामा
## ‘पहुँचवाला ८ सय डाक्टर काजमा’

**१६ वर्षदेखि बिदामा रहेका डाक्टरको परिचय भने खुलाइएको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतका अनुसार ती डाक्टरले सेवा सुविधा भने लिइरहेका छन् ।**



मान्छे बिरामी भएको भयै, अस्पतालमा गएको गयै, जागिर खाको खायै तर अन्त जान नमान्ने । बिरामीको सर्टिफिकेट दिने कस्तो, लिने कस्तो ? यो बारेमा कुरा गर्दा यो डाक्टरको गल्ती होइन नि प्रशासनको गल्ती भने । म भन्छु - यसमा लिनेको पनि गल्ती हो प्रशासनको पनि गल्ती हो ।

**मोहनबहादुर बस्नेत**
**स्वास्थ्य तथा जनसंख्या मन्त्री**



*शुक्रबार बसेको संसदको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको बैठक ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ असोज

एक जना सरकारी डाक्टर १६ वर्षदेखि बिदामा रहेको पाइएको छ। ती डाक्टरको परिचय खुलाइएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतका अनुसार १६ वर्षदेखि बिदामा रहेका डाक्टरले सेवा सुविधा लिइरहेका छन् ।

‘यहाँ बिदा दिने र बिदा लिने दुवैको कमजोरी छ।१६ वर्षसम्म पनि बिदा हुन्छ पत्याउन गाह्रो छ तर यो यथार्थ हो’ मन्त्री बस्नेतले शुक्रबार प्रतिनिधि सभाको शिक्षा स्वास्थ्य सूचना तथा प्रविधि समितिको बैठकमा भने ।

एक जना डाक्टर १६ वर्षसम्म बिरामी भएको सर्टिफिकेट मेडिकल बोर्डबाट ल्याएर काठमाडौंमा बसिरहेको बताएका मन्त्री बस्नेतले थप जानकारी गराएनन् । उनले अगाडि भनेका छन्, ‘मान्छे बिरामी भएको भयै, अस्पतालमा >>> पृष्ठ २ मा

# काबा प्रधानमन्त्रीको सक्रियता



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ असोज

राहत शिक्षकको आन्दोलन फिर्ता भएको छ। यसअघि शिक्षकहरुको माग सम्बोधन गर्नका लागि निर्णायक भूमिका खेलेका कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काको पहलमा शुक्रबार आन्दोलनरत राहत शिक्षकसँग पनि सहमति भयो र आन्दोलन फिर्ता भयो ।

सरकार र महासंघबीच असोज ५ गते भएको सहमतिमा राहत, अनुदान कोटामा कार्यरत शिक्षकको सिमित प्रतिस्पर्धासम्बन्धी व्यवस्थालाई एक पटकका लागि आन्तरिकतर्फ ७५ प्रतिशत कायम गर्ने उल्लेख थियो । सरकारले ल्याएको विधेयकमा ५० प्रतिशत भनिएको थियो । ७५ प्रतिशत बनाउने सहमतिप्रति असहमति जनाउँदै राहत शिक्षकहरूले आन्दोलन जारी राखेका थिए । आन्दोलनरत शिक्षकहरूले आन्दोलन रोकेर विद्यालयमा जाने र अब आन्दोलन भन्दा पनि लबिङको आवश्यकता रहेको बताएका छन् ।

सहमतिपछि सञ्चानरकर्मीहरुसँग कुरा गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले प्रश्तावित विद्यालय शिक्षा सम्बन्धी संघीय ऐन निर्माणमा नपुगेका, छुटपुट कुरालाई संसदीय प्रक्रियामार्फत समावेश गर्नेगरी सहमति भएको बताए । उनले यो सहमति शिक्षक महासंघसँग भएको सम्झौताको उत्तरखण्ड भएको बताए । सरकारले विद्यालय शिक्षा विधेयक संसदमा दर्ता गराएपछि नेपाल शिक्षकहरू असोज ३ गतेदेखि विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिएका थिए ।

> प्रधानमन्त्री विदेश भ्रमणमा रहेका बेला मुलुकमा चलेका विभिन्न आन्दोलन रोक्नेदेखि दैनिक शासन प्रशासन सञ्चालनमा कार्यवाहक प्रधानमन्त्री खड्काले मुलुक नेतृत्वविहीन नरहेको आभास गराए । शिक्षकहरुको आन्दोलन, राहत शिक्षकको माग सम्बोधनमा सक्रियतापूर्वक भूमिका खेले । चिकित्सकको जारी आन्दोलन रोक्ने प्रयासमा उत्तिकै सक्रिय खड्काले मूल्य वृद्धि नियन्त्रणमा पनि चासो देखाए ।

अर्थात, शिक्षकहरुको आन्दोलन, राहत शिक्षकको माग सम्बोधनमा सक्रियतापूर्वक भूमिका खेलेका कावा प्रधनमन्त्री खड्का रिजल्ट निकाल्न सफल भए ।

चिकित्सकको जारी आन्दोलन रोक्ने प्रयासमा उत्तिकै सक्रिय खड्का मुल्य बृद्धि नियन्त्रणमा पनि चासो देखाएका छन् ।

कार्यवाहक प्रधानमन्त्री खड्काले शुक्रबार सम्बन्धित अधिकारीसँग बजार अनुगमनको अवस्थाबारे जानकारी लिए । ततपश्चात मूल्यवृद्धि र कलोबजारी कडाइका साथ नियन्त्रण गर्ने गरी थप सक्रिय भएर बजार अनुगमन गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिए ।

बजारमा अस्वभाविक रुपमा मूल्यवृद्धि भएको जनगुनासो बढेको भन्दै कार्यवाहक प्रधानमन्त्री खड्काले सम्बन्धित अधिकारीसँग बजार अनुगमनको अवस्थाबारे जानकारी समेत लिँदै उक्त निर्देशन दिएका हुन् ।

बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायाणकाजी श्रेष्ठ, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल, निमित्त मुख्य सचिव, गृह सचिव, प्रधानमन्त्री कार्यलयका >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# जोखिम मोलेर भएपनि रोजगारीका लागि देश छोड्ने प्रवृत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज

आकर्षक रोजगारी र उचित जीवन यापनका लागि ज्यान नै जोखिममा राखेर देश छोड्ने प्रवृत्ति अविकसित मुलुकमा व्यापकरूपमा बढेको छ। संयुक्त राष्ट्र संघीय शरणार्थीसम्बन्धी उच्चायोग (यूएनएचसीआर)का अधिकारीले राष्ट्रसंघ सुरक्षा परिषद्लाई दिएको जानकारी अनुसार गत वर्ष अत्यन्तै जोखिमपूर्ण मानिने भूमध्यसागर पार गर्ने क्रममा २ हजार ५ सय युवाको ज्यान गएको छ ।

गत वर्षमात्रै १ लाख ८६ हजार युरोपेली मुलुक प्रवेश गरेका छन् । त्यसमध्ये ८३ प्रतिशत अर्थात करिब १ लाख ३० हजार मानिस इटाली पुगेका थिए । भूमध्यसागर पार गरेर ग्रीस, स्पेन, साइप्रस र माल्टा जाने आप्रवासी पनि उल्लेख्य छन् ।

गत वर्षको तुलनामा यो वर्ष खतरनाक सामुद्रिक नाकाबाट मृत्यु हुने वा बेपत्ता हुनेको संख्या बढेको छ। सन् २०२२ मा सोही अवधिमा १ हजार ६ सय ८० युवाको मृत्यु वा बेपत्ता भएको बताइएको छ ।

राष्ट्रसंघले समुद्र र युरोप जाने स्थल मार्गमा जीवन गुमाउनेको क्रममा कुनै सुधार नदेखिएको प्रतिवेदन पेश भएको छ। यूएनएचसीआरले आप्रवासी र शरणार्थीहरूले हरेक पाइलामा मृत्यु र गम्भीर मानवअधिकार उल्लंघनको जोखिम व्यहोर्नुपरेको बताएको छ ।

### दुबई पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/रासस–** वैदेशिक रोगारीका लागि दुबई पठाइदिन्छु भन्दै तीन लाख रकम ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा अर्घखाँची भूमिकास्थान नगरपालिका-५ घर भइ हाल काठमाडौं महानगरपालिका-३२ काडाँघारी बस्ने ३२ वर्षीय अशोक भट्टराई रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । >>> पृष्ठ २ मा



# प्रवासमा रहेका नेपालीले दुःख पाउनु हुँदैन : लिङ्देन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ असोज



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष एवम् पूर्वउपप्रधान तथा उर्जामन्त्री राजेन्द्र लिङ्देनसँग कतारमा रहेका समाजका अगुवाहरूले भेटघाट गरेका छन् । आफ्नो दलको प्रवास संगठनको एक कार्यक्रममा भाग लिन कतार आएका लिङ्देनसँग बिहीबार साँझ कतारस्थित नेपाली दूतावासमा आयोजित एक कार्यक्रममा उनीहरूले भेट गरेका हुन् ।

नेपाल हेर्दा एउटा देखे पनि अहिले नेपाल पूर्व मेचीदेखी पश्चिम महाकालीसम्म एउटा र नेपाल बाहिर अर्को नेपाल गरी दुई वटा नेपाल बनेको बताउँदै लिङ्देनले आफ्नो पार्टीले नेपालमा पूर्ण राजतन्त्रको माग गरेको नभइ अहिलेको राष्ट्रपतिको ठाउँ राजालाई दिइनुपर्ने माग गरेको बताए । उनले देशमा भएको परिवर्तनलाई राप्रपाले पनि स्वीकारेको बताउँदै राजाको गरिमा राष्ट्रपतिको भन्दा वजनदार र लोकप्रिय रहेको दाबी गरे । खाडी तथा मलेसियाबाट आउने रेमिट्यान्सले नै कर्मचारीको तलब भत्ता धानेको बताउँदै उनले अर्थतन्त्रलाई धान्ने नागरिकले प्रवासमा दुःख पाउन नहुने बताए । देशको चिन्ता गर्ने नेपालीहरू प्रवासमा धेरै रहेको उनको भनाइ थियो ।

लिङ्देनसमक्ष अन्तरक्रियामा सहभागीहरूले देश र राष्ट्रियतासँग जोडेर गम्भीर प्रश्न गरेका थिए । उनीहरुले विदेशमा दुःख गरेर लगेका सुनका गहनामा गरिएको कडाइदेखि इराकमा कामदारको सुरक्षासम्मको सवाल संसदमा उठाउन आग्रह गरे ।

कतारका लागि नेपाली राजदूत डा नरेश विक्रम ढकालले कार्यक्रममा नेपाल कतारको दौत्य सम्बन्ध कायम भएयता नवीकरण हुन नसकेका विभिन्न सम्झौता तथा श्रम सम्झौता पुनः नवीकरण गर्न लागिएको जानकारी दिए । अन्तरक्रियालाई नियोगका प्रथम सचिव कृष्ण कुमार सुवेदीले सहजीकरण गरेका थिए ।

# थारु कल्याणकारिणी सभा रौतहटको आफ्नै भवन बन्दै



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १२ असोज

थारु कल्याणकारिणी सभा रौतहटको आफ्नै भवन निर्माण हुने भएको छ । गुजरा नगरपालिका वडा नम्बर ९ दयालपुरमा भवनको एक समारोहकाबीच शिलान्यास गरिएको हो । सोही वडाका वडा अध्यक्ष प्रेम चौधरीले विधिवत् रुपमा भवनको शिलान्यास गरे ।

गुजारा नगरपालिकाको ५० लाख र विभिन्न वडा तथा दातृ निकायको गरी कुल ९० लाख रुपैयाँभन्दा बढीको लागतमा उक्त भवन निर्माण हुन लागेको रौतहटका सभापति जगरनाथ चौधरीले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै थाकस रौतहटका अध्यक्ष चौधरीले थारु समुदाय मात्र नभइ सबै वर्ग, समुदायका व्यक्तिहरुको आर्थिक सहयोगबाट यो भवन निर्माण हुन लागेको भन्दै भवन निर्माणका लागि सहयोग गर्ने सम्पूर्ण सहयोगी दाताहरुप्रति आभार प्रकट गरे ।


वि.स.२००५ सालमा स्थापना भएको थाकस रौतहटको आफ्नो भवन नहुँदा भाडाको घरमा सञ्चालन हुँदै आएको छ ।

तर वडा अध्यक्ष चौधरी र विभिन्न व्यक्तित्वहरुको सहयोगमा अब आफ्नै भवन निर्माण हुन लागेको हो । वडा अध्यक्ष चौधरीले थाकसको भवन निर्माणको लागि आफ्नो वडामा रहेको १० कट्ठा जग्गा उपलब्ध गराएका हुन् ।

सो अवसरमा गुजरा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार अधिकारी, थाकसका केन्द्रीय सदस्य, चन्द्रपुर नपाका पूर्वनगरप्रमुख रामचन्द्र चौधरी, अधिकलाल चौधरी,वडा नम्बर १ का वडा अध्यक्ष रामजीत चौधरी, वडा नम्बर २ का वडा अध्यक्ष अशोक खाँ थारु, वडा नम्बर ४ का वडा अध्यक्ष झमक प्रसाद चौलागाईं, पूर्व सभापति रामश्रय चौधरी, दलित अगुवा पूनित रामसहित जिल्ला भरीका थारु समुदायका व्यक्तित्वहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन रामबाबु चौधरीले गरेका थिए ।

# सूचनाको हक प्रयोग गरेर यादवले मागे विवरण

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १२ असोज



सिरहाको नवराजपुर गाउँपालिका वडा नं. ३ का युवा नेता रामसुरेश यादवले सूचनाको हक प्रयोग गरेर वडा नं. ३ का वडा अध्यक्षसँग लिखित जवाफ माग गरेका छन् ।

नवराजपुर गाउँपालिकाद्वारा आ.व. २०७९/८० मा ज्येष्ठ नागरिकलाई वितरण गर्नुपर्ने सरकारी कम्बल वडा अध्यक्ष बंशिलाल यादवलगायत वडा सदस्यहरुले आन्तरिक बैठक बसेर गोप्यरूपमा केही कम्बल वितरण गरेको र बाँकी आफैंले राखेको आरोप छ । नवराजपुर गाउँपालिका वडा नं. ३ का पदाधिकारीले सरकारी सामग्री वितरणमा परिवार, नाता तथा पार्टी कार्यकर्ताहरूलाई वितरण गरेको आरोप युवा नेता यादवको छ ।

कम्बल नपाएका पीडितहरुले वडा अध्यक्षबाट पीडित भएको भन्दै सहयोग माग्न नेता यादवसमक्ष पुगेका थिए । स्थानीय तहको चुनाव २०७९ मा जनमत पार्टीबाट वडा अध्यक्ष पदको प्रत्याशी उम्मेदवार यादव वडावासीको लोकप्रिय युवा नेता समेत हुन् ।

पीडितहरुले गुनासो राखेपछि नेता यादवले सूचनाको हक प्रयोग गरेर हालका निमित्त वडा अध्यक्षसँग सोबारे लिखित जवाफ माग गरेका छन् । विवरण उपलब्ध गराउन निमित्त वडा अध्यक्षले १० दिनको समय लिएका छन् ।

# नेपाल स्वयंसेवक संघ गरुडा नगर कमिटी गठन

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १२ असोज



रौतहटको गरुडा नगरपालिकामा नेपाल स्वयं सेवक संघ मधेश प्रदेशको गरुडा नगर कमिटी गठन गरिएको छ ।

मधेश प्रदेशका विभिन्न जिल्लाहरुमा संघको संगठन विस्तार गर्ने क्रममा गरुडा नगरपालिकामा नगर कमिटी गठन गरिएको हो ।

मधेश प्रदेशको फोकल पर्सन पूजा पाठकको विशिष्ट अतिथि तथा गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनी कल्वारको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । नगर भेलाबाट राकेश यादवको अध्यक्षतामा ११ सदस्य नगर कमिटी गठन गरिएको छ । नव गठित नगर कमिटीको अध्यक्षमा रोहित कुमार जयसवाल उपाध्यक्षमा कृष्ण कुमार सिंह, सचिवमा विजय कुमार साह, सह-सचिव जयप्रकाश चौधरी, कोषाध्यक्ष अञ्जनी कुमारी चौधरी, सदस्यमा प्रमानन्द साह, विकास झा, सीमादेवी साह, सृती जयसवाल, आरती जयसवाल, शेख अल्ताफ सर्वसहमतिबाट चयन गरिएको छ ।

नव गठित नगर कमिटीको शुभकामना दिँदै मधेश प्रदेश फोकल पर्सन पूजा तिमिल्सिनाले नेपाल स्वयं सेवक संघ सामाजिक संस्था रहेको र समाजमा रहेको विसंगती विकृतिलाई हटाउने कार्यमा सक्रीय भएर लाग्नुपर्ने सुझाव दिइन् । उनले संगठन बलियो भएमा सबै बलियो हुने र सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् ।

# माओवादी रुपान्तरण अभियान : हावाहुरीले भत्काएका स्थानीयको घर पुनर्निर्माण

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १२ असोज

रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाको गोतामकोटमा नेकपा माओवादी केन्द्र वडा नम्बर -४ मा विशेष रुपान्तरण अभियानको क्रमम हावाहुरीले भत्काएका अति विपन्न परिवारका २ वटा घर पुनर्निर्माण गरिएको छ । माओवादीको अभियान टोलीले गत भदौ १७ गते गएको हावाहुरीले भत्किएका दुई वटा घर पुनर्निर्माण गरेको हो ।

अभियानका इन्चार्ज गोविन्द ओलीका अनुसार टिका विक र सुनिता विकको घर रातो फेटासहित निर्माण गरिएको छ । त्यस्तै टोलीले वडाका विभिन्न टोल तथा सार्वजनिक क्षेत्रमा रातो फेटासहित श्रमदानलाई पूर्णता दिने उद्देश्यका साथ कालिका मन्दिर सरसफाइ, ज्ञनोदय माध्यमिक विद्यालय सरसफाइ, २ नम्बर टोल सरसफाइ गरेको अभियानका इन्चार्ज ओलीले बताए ।

तीन महिने अभियानमा प्रत्येक घरघरमा गएर जनताका गुनासा सुन्ने, सल्लाह सुझाव लिने नयाँ सदस्यता तथा सदस्यता नवीकरणलगायतका कार्य सञ्चालन गरिने इन्चार्ज ओलीले बताए ।

## सरकारी...

गएको गयै, जागिर खाको खायै तर अन्त जान नमान्ने । बिरामीको सर्टिफिकेट दिने कस्तो लिने कस्तो ? यो बारेमा कुरा गर्दा यो डाक्टरको गल्ती हैन नि प्रशासनको गल्ती भने । म भन्छु - यसमा लिनेको पनि गल्ती हो प्रशासनको पनि गल्ती हो ।'

उनका अनुसार पहुँचको भरमा काज मिलाएर बस्ने डाक्टरहरुको संख्या पनि उच्च छ । '८ सय हाराहारी सरकारी डाक्टर काजमा काठमाडौंमा रहेका छन्' मन्त्री बस्नेतले भनेका छन् ।

मन्त्री बस्नेतले काठमाडौंका केही अस्पतालमा आवश्यकभन्दा बढी डाक्टरहरु समेत रहेको जानकारी गराए भने कोही बिरामीको बहाना बनाएर वर्षौंदेखि काठमाडौंमा बसिरहँदा समस्या भएको सुनाए ।

उनले पहुँचवाला ८ सय डाक्टरहरु पहुँचवालाको आडमा काजमा रहने गरेको र आफूले मन्त्रीपरिषद तथा आफ्नो दलमा पनि कुनै डाक्टरलाई काजमा लागि दबाब नदिन आग्रह गरेको बताए ।

'बेथिति भएका अस्पतालहरुमा ८ सय जति डाक्टरहरु काजमा मात्रै । मैले संसदमा पनि तपाईहरुसँग अनुरोध गरेँ, मलाई काजका लागि सिफारिस नगर्नुस् । मैले मन्त्रीपरिषद् र मेरै पार्टीमा गएर पनि भनेको छु मलाई यसबारे केही नभन्नुस् ।' उनले भने ।

उनले गाउँमा गएका डाक्टर हरुले पनि सहरको सुख सुविधा खोजेर हडताल गर्न उकासेको बताए । 'अहिले सयौँ डाक्टरहरु गाउँमा हुनुहुन्छ अन्यथा नमान्नुहोला उहाँहरूले पनि अहिलेको हडताल गर्न उस्काइरहनुभएको छ । अप्ठेरो भयो, दुःख भयो, खाइपाई आएको ठाउँ छोड्नुर्पयो । अहिले पनि केही मान्छेहरु दुई महिनादेखि गयल भएर बस्नुभएको छ हामीले हाजिर गर्न दिएका छैनौं । यो प्रक्रिया अलि अलि गर्दै सुधार गर्दै लगेका छौं' मन्त्री बस्नेतले भने ।

काम गर्न स्वास्थ्य उपकरण भएन भनेर गुनासो गर्ने चिकित्सक उपकरण भएका दुर्गम क्षेत्रमा भने नजाने समस्या रहेको बताए । जुन अस्पतालमा उपकरण फाजिलमा रहेको छ त्यस्ता स्वास्थ्य उपकरण नपुगेको अस्पतालमा पठाउने व्यवस्था गरेको मन्त्री बस्नेतको भनाई छ ।

## कावा...

सचिव, काठमाडौं र भक्तपुरका प्रमुख जिल्ला अधिकारी, वाणिज्य विभाग, खाद्य प्रविधि गुणस्तर तथा नापतौल विभागका अधिकारीहरु सहभागी भएका थिए ।

बैठकमा कार्यवाहक प्रधानमन्त्री खड्काले खासगरी दैनिक उपभोग्य समानको अभाव हुन नदिन, कलोबजारी तथा अस्वभाविक मूल्यवृद्धि रोक्ने गरी प्रभावकारी अनुगमन बढाउन आग्रह गरे ।

चाडपर्वका बेला उपभोक्तालाई कालोबजारी र महंगीको चपेटामा पर्ने अवस्था सृजना हुन नदिन सबै जिल्लामा भइरहेको अनुगमनलाई थप प्रभावकारी बनाएर अनुगमन गरेर नागरिकले राहतको अनुभुत गर्ने गरी काम गर्न निर्देशन दिए । कार्यवाहक प्रधानमन्त्री खड्काले हरेक दिन के कति बजार अनुगमन भयो र दोषी देखिएकालाई के कारबाही भयो भनेर जनताले जानकारी पाउने गरी सूचना दिने प्रबन्ध मिलाउन पनि सम्बन्धित अधिकारीलाई आग्रह गरे ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड विदेश भ्रमणमा छन् । संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन गएर उतैबाट चीन गएका प्रधानमन्त्री प्रचण्ड नेपाल नभएका बेला खड्काले कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी पाएका थिए । प्रधानमन्त्री नभएका बेला मुलुकमा चलेका आन्दोलन रोक्ने देखि दैनिक शासन प्रशासन सञ्चालनमा कार्यवाहक प्रधानमन्त्री खड्काले मुलुक नेतृत्वविहीन नरहेको आभास गराए ।

प्रधानमन्त्री प्रचण्ड शनिवार नेपाल फर्कदैछन् । संयुक्त राष्ट्रसंघको ७८ औं महासभालाई सम्बोधन गरेर न्यूयोर्कबाट चीन पुगेका प्रचण्डले यही सेप्टेम्बर २२ मा राष्ट्रसंघीय महासभालाई सम्बोधन गरेका थिए । त्यसलगत्तै चीन पुगेको प्रचण्डको भ्रमण दलमा परराष्ट्र मन्त्री नारायणप्रकाश साउद र अन्य सदस्यहरू पनि रहेका छन् ।

प्रधानमन्त्री प्रचण्ड स्वदेश फर्किनु अघिल्लो दिन कार्यवाहक प्रधानमन्त्री खड्काले सम्बन्धित अधिकारीसँग बजार अनुगमनको अवस्थाबारे जानकारी लिएर मूल्यवृद्धि र कलोबजारी कडाइका साथ नियन्त्रण गर्ने गरी थप सक्रिय भएर बजार अनुगमन गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिएका हुन् ।

## दुबई...

प्रवक्ता रेग्मीका अनुसार उनले अजयकुमार महतोलाई वैदेशिक रोजगारीका लागि दुबई पठाइदिने र त्यसका लागि तीन लाख पाँच हजार लाग्ने एवम् दुबई पुगेपछि बाइक राइडरमा काम लगाइदिने भनी विश्वास दिलाएर पीडितबाट पटक-पटक गरी तीन लाख रकम लिएर ठगी गरेका हुन् ।

उनलाई शुक्रबार दिउँसो नयाँ बानेश्वरबाट पक्राउ गरिएको हो । भट्टराईलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।


## साउदी र युएईमा रोजगार

कम्पनी : EDAYATHU METAL CARE ARABIA CO. LLC
कम्पनी : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०६/११ चलानी नं.: ६०२०८४१४ LT. No.: 293248

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mining Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION(MIDDLE EAST )LLC कम्पनी : UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/११ चलानी नं.: ६०२०८४१३ LT. No.: 293251

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068

Sagar Recruitment Pvt. Ltd.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np



## घोडाघोडी बहुमुखी क्याम्पस

A QAA Certified Institution
सुखड, कैलाली
स्थापित : २०६२
(सम्वन्धनः त्रिभुवन विश्वविद्यालय)

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

प्रकासित मिति : २०८०।०६।१३

यस कार्यालयको मिति २०८०।०५।०४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकासित सूचना अनुसार देहायको कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र ईजिपी पोर्टल मार्फत दर्ता भएका बोलपत्रमध्ये तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकासन गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम भ्याट सहित |
|---|---|---|---|
| NCB/UGC/GMC /Work/2080/81 | पुस्तकालय भवन निर्माण | N.R.K. Reliable Engineering & Construction Pvt.Ltd. | ३८,४१,४२२।- (अक्षरुपी अठतीस लाख एकचालीस हजार चार सय बाईस मात्र) |

क्याम्पस प्रमुख



## ए. एण्ड बि. इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

केन्द्रीय कार्यलयः सामाखुशी, काठमाडौं, नेपाल

**प्रथम बार्षिक साधारण सभा सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०८०/०६/१३ गते)

ए. एण्ड बि. इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको मिति २०८० भदौ २७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम पहिलो बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८० साल असोज २० गते, (तदनुसार अक्टोबर ०७, २०२३) शनिबार ।
समय : विहान ११:०० बजे ।
स्थान : केन्द्रिय कार्यालय सामाखुशी, काठमाडौं ।

**छलफलका विषयहरु :**
**क. सामान्य प्रस्तावहरु :**
१. आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
**ख. विविध**

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव



## कुबेत र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ABDULRAZZAQ JIHAD ALATTAR FOR BUILDING FINISHING CO. कम्पनी: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४१० LT. No.: 293176

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 13 | 0 | स. काममा दक्ष | 150 | ६४,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: FOURTH DIMENSION MATERIAL TRADING QATER LLC. शहर: Doha

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४०९ LT. No.: 293216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric | 1 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ९१,०५० | | | | | | | |
| 4. | Labour | 1 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |
| 5. | Technician | 1 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |
| 6. | Welder | 1 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क कुवेतको रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## Cuprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी.- Cyprus Recruitment Services Ltd., Cyprus

पूर्व स्वीकृती मिति २०८०।०६।१२ चलानी नं. ६०१८४६५२ LT.No. 293204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 15 | काममा दक्ष | 350 | ४८,९६२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Labour | - | 05 | | 400 | ५५,९५६।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता मिति २०८० असोज २० गते (7 Oct., 2023) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाण्डौंमा सम्पर्क राख्नु होला ।

Kosh Overseas Pvt. Ltd.
इजाजत नं. १५०६।०७४।०७५
Koteshwor-32, Kathmandu. Ph no. 01-5199734, 5199714



## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी: General Contracting Co. WLL, Abu Dhabi, UAE

पूर्व स्वीकृती मिति २०८०।०६।१२ चलानी नं. ६०२०८३५५ LT.No. 293128

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 11 | - | काममा दक्ष | 1100 | ३९,७६५ | ६ दिन | ८ घण्टा | कं. नि. | अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 05 | - | | 1300 | ४६,९९५ | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैं | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | निशुल्क |

फाइनल अन्तर्वार्ता २०८० असोज २० गते (7 Oct., 2023) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला ।

ROYAL OVERSEAS NEPAL
रोयल ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौ फोन नं.:-०१-४४२११५६/४४३२२४४

# ‘रैथाने ज्ञान प्रणाली नै आजको आवश्यकता’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले वर्तमान समाजको ज्ञानको केन्द्र स्थानीय क्षेत्र रहेको भन्दै रैथाने ज्ञान प्रणाली नै आजको आवश्यकता रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय अनुवाद दिवसको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान, साहित्य (अनुवाद) विभागद्वारा आयोजित कार्यक्रममा कुलपति राईले भूराजनीतिको विषयलाई बुझ्न अनुवाद आवश्यक रहेको बताए ।

यस्तै उनले सांस्कृतिक कुटनीति र भूराजनीतिका विषयमा प्रतिष्ठानले अगाडि बढ्ने लक्ष्य लिएको पनि बताए। जसमा छिमेकी राष्ट्र चीन र भारतका पुस्तक समेत समेटिने उनको भनाइ छ ।

नेपाल जस्तो बहुभाषिक देशमा आन्तरिक राष्ट्रिय आयामको महत्व रहेको राईको भनाइ छ ।

उनले भने, ‘वर्तमान समाजको ज्ञानको केन्द्र स्थानीय क्षेत्र हो। रैथाने ज्ञान प्रणाली नै आजको आवश्यकता हो । यसलाई लिखित रूपमा अंग्रेजी भाषा साहित्यमा अनुवादन गर्न सके नेपाली भाषाको महत्व बृहत र बलियो बन्न सक्छ।’




कार्यक्रममा प्राज्ञ डा.शिव रिजालले ‘परिवर्तनशील नेपाली सामाजिक सन्दर्भ र बदलिँदो अनुवाद संकथन’ विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । सोही कार्यपत्रमाथि साकुन जोशीले आफ्नो टिप्पणी राखेका थिए । जसमा अनुवादक भीमनारायण रेग्मी, अनुराधा र दलबहादुर गुरुङले विचार राखेका थिए ।

अनुवादकहरुले अनुवाद कला, साहित्य र संस्कृतिसँग मात्र नभई मानवीयतासँग पनि सम्बन्धित रहेको स्पष्ट पारेका थिए ।

यसैबीच अनुवादक रेग्मीले अनुवाद मानिसको रगत र जीवनसँग जोडिएको बताए । नेपाल बहुभाषिक राष्ट्र भइरहँदा सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता दिनु ठीक रहेको उनको भनाइ थियो । तर मातृ भाषागत कर्मचारी कही-कतै पनि नहुने गरेको उनको कथन छ । अनुवाद स्थानीय क्षेत्रसँग जोडिएको बताउँदै उनले भने, ‘अनुवादको क्षेत्रमा स्थानीयकरण आफ्नो लागि हो, यसले हाम्रो व्यक्तिगत धारणा बोल्छ र यसको विश्वव्यापीकरण अरूलाई आफ्नो क्षमता देखाउन हो ।’

यस्तै उनले वर्तमान समाज आफ्नो भाषा त्यागी अरूको संस्कृतिलाई अपनाइरहेकामा आपत्ति जनाए। नेपाली अनुवादनका क्षेत्रमा देखिएका कमीकमजारी औंल्याउँदै भाषागत स्रोतको कमी, साहित्यलाई स्थानीयकरण गर्दै गर्दा शब्दको अर्थ छोटिट्दै जानाले नेपाली साहित्य अघि नबढेको बताए ।

साथै भाषालाई बलियो बनाउन आधुनिक युगमा प्रविधि आवश्यक रहेपनि भाषासम्बन्धी ज्ञान हुनु र भाषाको गुणस्तरीयतामा ध्यान दिन जरुरी रहेको रेग्मीको भनाइ छ ।

बाल साहित्य अनुवादक अनुराधाले नेपालीहरुमा नेपाली पुस्तकहरुको अंग्रेजी भाषामा मात्रै अनुवाद हुन्छ भन्ने सोच रहिआएको उल्लेख गरिन् । तर विश्वमा सबैभन्दा बढी चाइनिज र स्पेनिस बोलिने गरेको उनको तर्क छ ।

अंग्रेजी भाषा विश्वको जम्मा जनसंख्याको ७ प्रतिशत मात्रै बोलिने हुँदा अनुवादन क्षेत्रको भाषागत अचेतना हटाउनुपर्ने उनको भनाइ छ ।

उनले भनिन्,‘नेपालमा बाल साहित्यको १ सय २१ वर्षको इतिहासमा जम्मा ४ हजार मात्रै पुस्तक प्रकाशित भएका छन् । जबकी विश्वका विकशित देशमा दैनिक हजारौंको संख्यामा बालबालिकासँग सम्बन्धित पुस्तक प्रकाशित हुन्छन् ।’ यस्तै अनुवादक तथा लेखक गुरुङले नेपालका मूलभाषी, आदिवासीहरु लोक भाषामा नै बाँचिरहेको उल्लेख गरे । मौलिकता र मौखिकतामा आधारित रहेको नेपाली साहित्यका लागि उपयुक्त बजार नभएको उनको भनाइ छ ।

# जापानबाट खड्काले गरे मोनाको केन्द्रीय अध्यक्षमा उम्मेदवारी घोषणा



**दोहा/मस-** प्रवासमा रहेका म्याग्देलीहरुको साझा सामाजिक संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तर्राष्ट्रिय कार्यकारी समितिले पाँचौं अन्तर्राष्ट्रिय महाधिवेशनको तयारीलाई तीव्रता दिइरहेको छ । आगामी अक्टोबर १३, १४ र १५ गते म्याग्दी सदरमुकाम बेनीमा सम्पन्न हुन लागेको महाधिवेशनको तयारी तीव्ररूपमा बढिरहेको बेला आगामी कार्यकालका लागी विभिन्न पदमा उम्मेदवारी घोषणा गर्ने आकांक्षीहरु पनि बढ्न थालेका छन् ।

आगामी अक्टोबर ३ तारिखभित्र मनोनयन दर्ता गर्नुपर्ने समय सीमा रहेको मोनाको अध्यक्ष पदमा जापानबाट ददिवल खड्काले आफ्नो उम्मेदवारी घोषणा गरेका छन् ।

वर्तमान कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष पदमा रहेका खड्का अन्नपूर्ण गाउँपालिका, ६ घारमा जन्मिएका हुन् । लामो समयदेखि जापानलाई कर्मथलो बनाउँदै आएका सफल व्यवसायी खड्का मोनाको नेतृत्व लिन आफू तयार रहेको बताए । मध्यान्हसँग कुरा गर्दै खड्काले आफूले संस्थामा रहेर प्राप्त जिम्मेवारी पूरा गर्न कहींकतै कसुर बाँकी नराखेको हुँदा सबैबाट सहयोग पाउने विश्वास व्यक्त गरे । आफ्नो नाममा सर्वसहमति हुने आशा गरेका उनी सरल जीवनशैली, मिलनसार एवम् मृदुभाषी व्यवहार भएका खड्काले विश्वभर रहेका म्याग्देलीलाई यस पटक आफ्नो उम्मेदवारीमा साथ दिनसमेत अपिल गरेका छन् ।

मोनाको विगतको नेतृत्व युरोप, अमेरिका र बेलायतबाट भइसकेको अवस्थामा यस पटक एसिया राष्ट्र जापानबाटै हुने गरी मोना जापानले समेत सक्रियता बढाएको छ। जिल्लाभित्र र विश्वका विभिन्न मुलुकमा छरिएर रहेका म्याग्देलीहरुका बीच भाइचाराको सम्बन्ध विकास गरी प्रवासमा आर्जित पुँजी, सीप र क्षमतालाई म्याग्दी जिल्लामा उपयोग गर्ने उद्देश्यका साथ २०६४ कात्तिक ५ गते बेनीमा भएको भेलाबाट मोनाका अवधारणाकर्ता प्रकाश पुनको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति चयन गर्दै मोना गठन गरिएको थियो ।

## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

## युएईमा रोजगार | कम्पनी : GOLDEN RIVER PROJECT MANAGEMENT SERVICES CO.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ | चलानी नं.: ६०२०८४०५ | L.T. No.: 293184

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | स. काममा दक्ष | 4000 | १४४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Administration Manager | 1 | 0 | | 4000 | १४४,६०० | | | | | | | |
| 3. | Commercial Sales Representative | 3 | 0 | | 2000 | ७२,३०० | | | | | | | |
| 4. | Data Entry Clerk | 1 | 0 | | 2000 | ७२,३०० | | | | | | | |
| 5. | Follow Up Manager | 1 | 0 | | 4000 | १४४,६०० | | | | | | | |
| 6. | Marketing Manager | 0 | 1 | | 4000 | १४४,६०० | | | | | | | |
| 7. | Marketing Specialist | 4 | 0 | | 4000 | १४४,६०० | | | | | | | |
| 8. | Office Supervisor | 1 | 0 | | 2500 | ९०,३७५ | | | | | | | |
| 9. | Purchasing Representative | 2 | 0 | | 2000 | ७२,३०० | | | | | | | |
| 10. | Sales Manager | 2 | 0 | | 4000 | १४४,६०० | | | | | | | |
| 11. | Sales Supervisor | 0 | 1 | | 2500 | ९०,३७५ | | | | | | | |
| 12. | Site Supervisor | 0 | 1 | | 2500 | ९०,३७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अक्टोपस रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं. १७५/०६७/०६८
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोन: ४७९०६६६, ४७९०६५५ फ्याक्स: ४७८०६५५, मो.: ९८४१२१८१८०
E-mail: octopusre@gmail.com,web: www.octopusrecruitment.com

## यूएईमा रोजगार | कम्पनी: STARGATE BUILDING SOLUTIONS LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ | चलानी नं.: ६०२०८४०४ | LT. No.: 292950

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | स. काममा दक्ष | 1200 | ४३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Zia International Services Pvt. Ltd.**
(Al Quraish International (P) Ltd.)
Gaushala-9, Kathmandu, Tel.: 01-4475555
Email: ziaintls@gmail.com | www.ziaintlservices.com
Gov. Lic. No. 633/063/064

## कतारमा रोजगार | कम्पनी: DRAIEH LOGISTIC SERVICES CO. W.L.L.
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०६/१२ | चलानी नं.: ६०२०८४०८ | L.T. No.: 293217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour Services | 16 | 0 | | 1000 | ३६,४२० | | | | | | | |
| 3. | Waiter | 1 | 4 | | 1200 | ४३,७०४ | | | | | | | |

**२. कम्पनी: RED LINKS CONSTRUCTION WLL** — शहर: Qatar, Doha

पूर्व स्वीकृत मिति: २०८०/०६/१२ | चलानी नं.: ६०२०८४०७ | L.T. No.: 293218

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Business Executive | 1 | 0 | | 2500 | ९१,०५० | | | | | | | |
| 3. | Cashier | 2 | 0 | | 1500 | ५४,६३० | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1800 | ६५,५५६ | | | | | | | |
| 5. | Foreman | 2 | 0 | | 2500 | ९१,०५० | | | | | | | |
| 6. | General Clean Worker | 4 | 0 | | 1000 | ३६,४२० | | | | | | | |
| 7. | Labour | 8 | 0 | | 1000 | ३६,४२० | | | | | | | |
| 8. | Painter | 2 | 0 | | 1100 | ४०,०६२ | | | | | | | |
| 9. | Plaster Worker | 8 | 0 | | 1100 | ४०,०६२ | | | | | | | |
| 10. | Plumber | 2 | 0 | | 1100 | ४०,०६२ | | | | | | | |
| 11. | Supervisior | 3 | 0 | | 2500 | ९१,०५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.** 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np

## यूएईमा रोजगार | कम्पनी: A J INTERNATIONAL GROUP FZC
शहर : UAE

पूर्व स्वीकृत मितिः२०८०/०६/१२ | चलानी नं.: ६०२०८३३२ | L.T. No.:292978

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 0 | 50 | स. काममा दक्ष | 1000 | ३६,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**सिपड इम्प्लाईमेन्ट सर्भिस प्रा. लि.**
SPEED EMPLOYMENT SERVICE PVT. LTD. WE HELP YOU TO GROW
इजाजत पत्र नं. ४५३/०६०/०६१
सामाखुसी, काठमाडौं, नेपाल फोन: ४३६०८३८
Mobile: 985-1012017| 9803116644

## यूएईमा रोजगारको अवसर | कम्पनी: WADI AL NADA CLEANING SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः२०८०/०६/११ | चलानी नं:६०२०८३२६ | LT. No.:293183

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 30 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Layer | 40 | 0 | | 1200 | ४३,३८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २० गते (7 October 2023) मा हुनेछ ।**

